मंसिर १४, २०८०

आ.व.२०८०/८१ को पाँचौं कार्यपालिका बैठक

आज मिति २०८० मंसिर १४ गते बिहिबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८०/८१ को पाँचौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री बच्चुराज बस्याल | | |

२३ प्रो.प्रा. महेश गिरी

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | ठेक्का म्याद थप तथा भेरियसन सम्बन्धमा | टोखा नगरपालिका र Sichu Engineering services pvt.Ltd बीच construction of compound wall,Retaining wall and Interlock Block of tokha municipality ( ठेक्का नं. 27/NCB/TM/W/ 2079-80) कार्यको लागि सम्झौता भएकोमा फिल्डको आवश्यकता अनुसार प्राविधिक शाखाबाट पेश भए बमोजिम साविक सम्झौतामा समावेश नभएको आईटमहरुको काम गर्नु पर्ने रु. २९०३५२/२३ भ्याट सहित (बढी) र साविक सम्झौतामा समावेश भए पनि फिल्डको आवश्यकता अनुसार काम गर्नु नपर्ने रु. ५२२८७९/२९ भ्याट सहित (घटी) को भेरियसन स्वीकृत गरी सम्वन्धित निर्माण व्यावसायीलाई भेरियसन आदेश जारी गर्ने ।साथै साविक लागत अनुमान भन्दा फिल्डमा बढी कार्य गर्नु परेको कारणले उक्त ठेक्काको म्याद २०८० मंसिर मसान्त सम्म थप गर्ने । |
| ३ | टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने । | (तालिका तल) |
| ४ | विविध | १. १० नं. वडा कार्यालयको मिति २०८०/८/१२,च.नं. १२९७ को पत्रानुसार वडा नं. १० स्थित गोगंवु गणेशस्थान मार्गको बिगमार्ट देखि पूर्वतर्फ महेश्वर कुमार श्रेष्ठको घरसम्मको बाटोको मापदण्ड निर्धारण गर्ने प्रयोजनको लागि स्थानीय सरकोकारवालाहरुको भेला मार्फत निश्कर्षमा पुगी वडा समितिबाट निर्णय गरी नगरपालिकालाई सिफारिस गर्न वडा नं. १० को कार्यालयलाई जानकारी गराउने ।<br>२. २०७१ साल मंसिर १६ गते नेपाल सरकारको निर्णयानुसार स्थापना भएको यस टोखा नगरपालिकाको आगामी मंसिर १६ गते १० औं नगरस्थापना दिवस साँझ कार्यालयमा दीप प्रज्वलन गरी मनाउने ।<br>३. टोखा नगरपालिकाको आ.व. २०८०/८१- २०८२/८३ को मध्यमकालिन खर्च संरचना (MTEF) तयारीको लागि परामर्श सेवा मार्फत खरिद प्रकृया अगाडि बढाउन र |

प्रस्ताव ३ को तालिका:

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १. | अनिल फिटनेश कन्स्ट्रक्सन प्रा.लि | टोखा-८ | |
| २. | ए.डि.एट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-११ | |
| ३. | थपलिया कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | टोखा-९ | |
| ४. | डि.एस.इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि | टोखा-४ | |

CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

५ लाख विनियोजन गर्ने ।

४. टोखा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तयारीको लागि परामर्श सेवा मार्फत खरिद प्रकृया अगाडि बढाउन रु ५ लाख विनियोजन गर्ने।

५. टोखा नगरपालिका क्षेत्रमा संचालनमा रहेका सबै व्यावसायहरुलाई दर्ता प्रकृयामा आबद्ध गराउन नगरपालिका मार्फत स्वंयमसेवक परिचालन गरी वडा कार्यालयको समन्वयमा व्यावसाय दर्ता अभियान संचालन गर्ने ।उक्त कार्यको लागि लाग्ने आवश्यक रकम कार्यक्रम खर्च शिर्षकबाट व्यहोरिने ।

६. टोखा नगरपालिका वडा नं. ४ मा रहेको देउराली जनता फर्मास्युटिकल प्रा.लि.ले हाल सम्म नगरपालिकालाई तिर्न बुझाउन बाँकी सम्पतिकर मध्ये आ.ब २०७१/७२ भन्दा अघिको कानुन बमोजिम असुल उपर हुनु पर्ने सम्पतिकर असुलउपर हुन बाँकी देखिएमा पछि करको निर्धारण तथा असुल उपर गर्ने गरी हाललाई आ.ब.२०७१/७२ देखिको कर निर्धारण गरी कर असुल प्रकृया अगाडि बढाउने । ।

७. टोखा नगरपालिका वडा नं. ८ मा रहेको ग्राण्डि अन्तराष्ट्रिय अस्पताल प्रा.लिले यस नगरपालिकामा तिर्न बुझाउन बाँकी सम्पतिकर शहरी विकास मन्त्रालय अन्तर्गत भवन विभागबाट स्वीकृत भवनको क्षेत्रफल २७४५६३.७९ वर्गफूटलाई आधार मानेर कर निर्धारण गरी कर असुली प्रकृया अगाडी बढाउने । भवन निर्माण विभागबाट स्वीकृत क्षेत्रफल भन्दा स्थलगत रुपमा थप संरचना निर्माण भएको देखिएमा पछि थप कर निर्धारण तथा असुल उपर गर्ने ।

८. वडा नं. १ स्थित झोरमहाँकाल स्वास्थ्य चौकीलाई वडा कार्यालय भवन संगैको अक्वा एण्ड च्यारेसी एसोशियसनको भवनमा सार्नको लागि उक्त संस्थामा लामो समय देखि स्वास्थ्य सम्वन्धि सेवामा कार्यरत व्यक्तिहरुलाई पुस्कार एंव सम्मान पत्र सहित विदाई गर्ने गरी मिति २०८० असोज २४ गतेको नगरकार्यपालिका बैठकबाट निर्णय भएकोमा उक्त निर्णयमा तपशिल बमोजिम संशोधन गर्ने
श्री सन्तराम अधिकारी - रु २ लाख एवं सम्मान पत्र

९. चालु आ.ब.२०८०/८१ को लागि संघीय सरकारबाट ससर्त कार्यक्रम अन्तर्गत नवीकरणीय उर्जा प्रविधि जडान (वायोग्यास/ विधुतिय चुलो/ सुधारिएको चुलो/ सौर्य उर्जा) शिर्षकको आयोजना स्वीकृत भई रु ८ लाख बजेट समेत विनियोजन भएकोले वडा नं. १ को मिति २०८०/५/१८, च.नं. ४१२ को पत्रको आधारमा सुधारिएको चुलो खरिद गरी वडा नं. १ मा वसोवास गर्ने बासिन्दाहरुलाई वितरण गर्ने गरी उक्त ससर्त तर्फको आयोजना कार्यान्वय प्रकृया अगाडी बढाउने ।

१०.आर्थिक ऐन, २०८० ले दिएको अधिकार प्रयोग गरी ऐ. ऐनमा उल्लेख नभएका तपशिल बमोजिमको व्यावसायहरुको आ.ब.२०८०/८१ को लागि बार्षिक व्यावसाय कर तपशिल बमोजिम तोक्ने ।

| सि.नं. | व्यावसायको प्रकृति | ग (३ लाख सम्म पूजी भएका) | ख (३ लाख देखि १० | क ( १० लाख देखि माथि पूजी लगानी भएका) |
|---|---|---|---|---|

CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | लाख सम्म पूजी भएका) | |
| १ | रिचार्ज कार्ड/ सीमकार्ड खरिद बिक्री गर्ने पसल | १००० | २००० | ५००० |

११.तेहौं नगरसभाबाट स्वीकृत सि.नं. ४२१ को चण्डेश्वरी मा.वि. भौतिक निर्माण ( वडा गौरवको) आयोजना चण्डेश्वरी मा.वि. भौतिक निर्माण उपभोक्ता समिति मार्फत र सि.नं. ५०४ र ५२० को सरस्वती मा.वि. रंगरोगन तथा सरस्वती मा.वि.मा ट्रस निर्माण उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरी सम्बन्धित उपभोक्ता समितिहरुसंग सम्झौता गर्ने ।

१२. तेहौं नगरसभाको सि.नं. ३६६ मा स्वीकृत कुलाडिल बंधेली खोला सम्म सडक स्तरोन्नती ( तल्लाघरे) आयोजना कार्यान्वयनको लागि वडा नं. १ स्थित वडुगाउँको कुलाडिला देखि तल्लाघरे टोल हुदै तारकेश्वर १ को सीमा छुटयाउने बंधेलीखोला सम्म पुग्ने मोटरबाटोको दायाँबायाँ रिटेनिङ्ग/ प्लम वाल लगायतका कार्य गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समिति मार्फत सम्झौता प्रकृया अगाडि बढाउने ।

१३. टोखा नगरपालिका वडा नं. २ र ३ को मिति २०८०-६-२९, च.नं. ७४६ र २३१४ को सिफारिस पत्रको आधारमा टोखा नगरको ऐतिहासिक,परम्परागत, मौलिक टोखा चाकुलाई जगेर्ना गर्न नेपालको सक्खर उत्पादन हुने विभिन्न स्थलहरुको टोखा परम्परागत चाकु संरक्षण समाज नामक संस्थाका सदस्य तथा जनप्रतिनिधिहरु सम्मिलित अध्ययन अवलोकन भ्रमण दललाई भ्रमण खर्च वापत रु २ लाख ५० हजार तेहौं नगरसभाको सि.नं. २८६ मा विनियोजित रकम मध्येबाट उपलब्ध गराउने ।

१४. टोखा नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुको कार्यबोझ समेतलाई मध्यनजर गरी विद्यमान संगठन संरचना र दरबन्दी तेरिजमा आवश्यक संशोधनको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य परामर्श सेवा मार्फत खरिद प्रकृया अगाडि बढाउन रु ५ लाख विनियोजन गर्ने ।

१५. तेहौं नगरसभाको सि.नं. १९४ मा अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस शिर्षकको कार्यक्रम स्वीकृत भई रकम विनियोजन भएकोमा उक्त रकम २०८० पुस ११ गते राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन खर्च गर्ने ।

१६. नगरसभा सदस्य श्री जगललाल शाहीलाई औषधि उपचार वापत रु २ लाख ५० हजार रकम औषधि उपचार शिर्षकबाट उपलब्ध गराउने ।

१७. टोखा नगरपालिका वडा नं. १ स्थित दुलालगाउँ सडक निर्माण उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ।

१८. टोखा नगरपालिका वडा नं. ८ स्थित नेपाल बकिनावान गोजुरियो कराँते डो संघ नामक खेलकुद संस्था दर्ता गरी प्रमाणपत्र जारी गर्न नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन दिने ।

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | १९.टोखा नगरपालिका वडा नं. ७ स्थित Freedom Fighters Youth club नामक संस्था दर्ता गरी प्रमाणपत्र जारी गर्न नगरपालिका शिक्षा युवा तथा खेलकूद शाखालाई निर्देशन दिने । <br>२०.नगरसभाको १३ औं अधिवेशनको निर्णयानुसार टोखा न.पा. १ बस्ने रमेश कुमार बिडारीलाई ट्राफिक व्यवस्थापन कार्यमा सहयोग गर्ने गरी दैनिक ज्यालादारीमा काममा लगाईएकोमा २०८० पुस १ देखि लागु हुने गरी निजलाई बिजुली/बत्ती/सडक बत्ती तथा बिजुलीबत्ती सम्बन्धी अन्य कार्यमा आवश्यक सहयोग गर्ने गरी सडक बत्ती मर्मत सहयोगीको रुपमा काममा लगाउने गरी जिम्मेवारी परिवर्तन गर्ने । <br>२१. नगरपालिकाको स्वीकृत खेलकूद कार्यक्रम अन्तर्गत भूतखेल चौरमा संचालन भएको फुटवल खेल संचालनको क्रममा फुटवल ग्राण्डबाट वाहिर गएको बलले पार्किङ्गमा रहेको वा.ए.ए ६४९५ नम्वरको नीजि गाडीमा क्षति पुर्याएकोले सम्वन्धित वडाको सिफारिसमा वढीमा रु २० हजार क्षतिपुर्ति उपलव्ध गराउने । <br>२२. आ.ब. २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार कम्पोष्ट वीन तथा डष्टवीन खरिद (ठेक्का नं. 24/MCB/TN/G / 2079-80) तथा ल्याव सामाग्री खरिद (ठेक्का नं. 25//MCB/TN/G / 2079-80) को लागि वोलपत्रको माध्यमबाट खरिद प्रकृया गरिएकोमा उक्त खरिद प्रकृया विविध कारणले हाल सम्म नटुङ्गिएको र वोलपत्रको मान्य अवधि समेत समाप्त भएकोले उक्त खरिद प्रकृया रद्धगरी चालु आ.ब.को सो सम्वन्धी स्वीकृत कार्यक्रमहरु कार्यान्वयनका लागि खरिद प्रकृया अगाडि बढाउने । <br>२३. टोखा नगरपालिका वडा नं. ९ का विभिन्न टोलहरुमा नेपाल प्रहरी तथा सम्वन्धित टोल विकास संस्थाको समन्वयमा सुरक्षा साईरन जडान गर्न ९ नं. वडाका अध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरी तथा टोल विकास संस्थाका प्रतिनिधि तथा विषय क्षेत्रका जनाकारहरु समेत रहने गरी समिति गठन गरी कार्यविधि तयार गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने । <br>२४.वडा नं ११ मा रहेको ब्रम्हकुमारी राजयोग उपसेवा केन्द्र, गणेशस्थानको गत आ.बमा भएको उद्घाटन कार्यक्रमको भुक्तानी बाँकी रकम रु ५० हजार संस्कृति संरक्षण कोषबाट उपलव्ध गराउने । <br>२५. टोखा नगरपालिकामा साविकमा कार्यरत एवं नयाँ छनौट भएका नगरप्रहरीहरुलाई सशस्त्र प्रहरी बल, नेपाल नं. २० गण हे.क्वा ( विपद् उद्धार) काठमाडौं मार्फत ३० कार्यदिने आधारभुत तालिम संचालन गर्ने उक्त तालिम संचालनको लागि लाग्ने खर्च नगरपालिका मार्फत व्यहोर्ने साथै उल्लेखित अवधिमा नगरपालिकाको सुरक्षाको लागि २ जना सुरक्षा गार्ड सेक्युरिटी कम्पनि मार्फत राख्ने । <br>२६. यस नगरपालिकामा नगर प्रहरी जवान पदमा कार्यरत सीताराम आचार्य नगर प्रहरी सहायक निरीक्षक पदमा सिफारिस भएकोले खुल्ला तर्फको नगर प्रहरी जवान पद एक रिक्त भएको हुदाँ नगर प्रहरी जवानमा खुल्ला तर्फ वैकल्पिक १ नं.मा सिफारिस हुने व्यक्तिलाई नगरप्रहरी जवानमा नियुक्त गर्ने । |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | २७. आयोजना/कार्यक्रमहरुको कार्यान्वयन गर्न तपशिल बमोजिमको रकम तेह्रौं नगरसभाको विभिन्न शिर्षकहरुमा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने । |

| सि.नं. | कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| १ | अल नेपाल हस्पिटल अगाडीको मूल सडकमा ढलको पाईपको क्षमता वृद्धि गर्न पाईप फेर्ने | १० | १७००००० | २७० |
| २ | प्रकृतिनगर टोल स्थित अमृतमान श्रेष्ठको जग्गा देखि निर्मला पण्डितको घर सम्मको सडकमा ब्लक बिछ्याउने | ४ | ६२७४९३ | समपुरककोष (१०७६) |
| ३ | वडा नं. ४ स्थित सुरेन्द्र श्रेष्ठको जग्गा देखि अनन्त आचार्यको घरसम्मको बाटोमा ढल, खानेपानी पाईपलाईन विस्तार तथा बाटो ढलान | ४ | लागत अनुमान अनुसार | समपुरककोष (१०७६) |
| ४ | वडा नं. २ को पहिरो रोकथामको लागि तारजाली उपलब्ध गराउने | २ | २७५००० | २६४ |
| ५ | सशस्त्र प्रहरी बल,नेपाल नं. २० गण हे.क्वा ( विपद् उद्धार) काठमाडौं लाई ब्यारेक देखि ग्राउण्ड सम्म जाने बाटो ढलान तथा ५ वटा भवनहरुमा रंगरोगन | | ४५०००० | २७० |
| ६ | फ्रिडम फाईटर क्लबलाई थाईल्याण्डमा VWFF अन्तर्गतको फुटबलमा सहभागिकोको लागि सहयोग | ७ | ५००००० | २६६ |
| ७ | भत्केकोपुल नजिकै रहेको कमलनाथ मिश्रको घर देखि भक्त गोदार क्षेत्रकीको घर सम्मको सडक ढलान | ३ | ५१०००० | समपुरककोष (१०७६) |
| ८ | वडा नं. ४ को गणेश मन्दिरको पछाडिको | ४ | ३३०३३२ | समपुरककोष (१०७६) |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | सडकमा खानेपानी पाईप लाईन बिस्तार तथा बाटो ढलान गर्ने कार्य | | | |
| ९ | टोखा नगरपालिका वडा नं. १ स्थित साविक क्षेत्र महाँकाल गा.बि.स वडा नं. ५ ख स्थित कि.नं. २६ र ४७ तथा वडा नं. २ ख को माथिल्लो भागमा खेलकूद मैदान निर्माणको प्रारम्भीक तयारी | १ | ५००००० | २६६ |
| १० | मालुङ् कभर्ड हल निर्माणको विस्तृत परियोजना प्रस्ताव तयारी ( साविक झोरमहाँकाल गा.बि.स वडा नं. ३ क कि.नं. ३८ क्षे.फ २-०-०-० को जग्गामा) | १ | जग्गाको नापजाँच तथा अवस्था एकिन गरी प्रकृया अगाडि बढाउने | |
| ११ | काठमाडौं जिल्ला तेक्वान्डो संघ ( आई.टि.एफ) राष्ट्रिय प्रतियोगिता गर्न नपुग वजेट थप | ४ | १००००० | २६६ |
| १२ | नारायण गोपाल संगीत कोष नारायण गोपाल स्मृति दिवस | | ५० हजार | २६९ |

२८. टोखा नगरपालिकामा नगर प्रहरी बल गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ को दफा ३१ बमोजिम टोखा नगरपालिकामा कार्यरत नगरप्रहरीहरुलाई तपशिल बमोजिम पोशाक उपलब्ध गराउने ।

| | | |
|---|---|---|
| शुरु नियुक्तिमा | २/२ जोर | २/२ जोर ड्रेस तथा अन्य सामाग्रीहरु |
| बार्षिक | १/१ जोर कपडा | उलन सट पान्ट/ कटन सट पाईन्ट/ चुस्ता |
| जुत्ता | २ बर्षमा | १ जोर ( बुट) |
| स्वीट | ३ बर्षमा | १ वटा |
| ज्याकेट | ५ बर्षमा | १ वटा |
| मोजा | १ बर्षमा | १/१ जोर ( गर्मी/ जाडो) |
| पिटी जुत्ता | २ बर्षमा | १ जोर |
| उलन टोपी | २ बर्षमा | १ जोर |
| भेष्ट/ कट्टू | २ बर्षमा | १ जोर |
| बेल्ट | ५ बर्षमा | १ वटा |
| चुस्ता बेल्ट | २ बर्षमा | १ वटा |

CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | |
|---|---|---|---|---|
| | | सिठ्ठी कडी( सिठ्ठी सहित) | २ बर्षमा | १ वटा |
| | | म्याटेस/ सिल्पिङ्ग ब्याग | ५ बर्षमा | १ जोर |
| | | मण्डी | ४ बर्षमा | १ वटा |
| | | दर्ज्यानी चिन्ह | ५ बर्षमा | १ पटक |
| | | टोपी | २ बर्षमा | १ वटा |
| | | ट्रक सुट | ५ बर्षमा | १ जोर |
| | | छडी(कालो) | ५ बर्षमा | १ वटा |
| | | कुम ब्याज | २ बर्ष | १ वटा |
| | | नेम/चेष्ट प्लेट | २ बर्षमा | १/१ वटा |
| | | मनोग्राम | २ बर्षमा | १ वटा |
| | | उनी भेष्ट | २ बर्षमा | १ वटा |
| | | २९. नगरसभाबाट स्वीकृत भएको बजेटको परिधिभित्र रही विद्यार्थी संख्या बढी भएका र शिक्षक दरवन्दी कम भएका श्री जालुपा मा.वि. र सरस्वती मा.वि.लाई २/ २ वटा निमावि शिक्षक सरहका शिक्षक नियुक्ति गर्ने गरी शिक्षण अनुदान सहयोग कोटा प्रदान गर्न सहमति दिने । | | |

CamScanner